# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, जेठ २३ गते २०४६ साल (संख्या ८


## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

कबुलियती वन (पहिलो संशोधन) नियमावली, २०४६

कबुलियती वन नियमावली, २०३५ लाई संशोधन गर्न वान्छनीय भएकोले, वन ऐन, २०१८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "कबुलियती वन (पहिलो संशोधन) नियमावली, २०४६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. कबुलियती वन नियमावली, २०३५ को नियम २ मा संशोधनः कबुलियती वन नियमावली, २०३५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः–

"(ग) "महानिर्देशक" भन्नाले श्री ५ को सरकार वन विभागको महानिर्देशक सम्झनुपर्छ ।"

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को,–

(१) पहिलो प्रकरणमा रहेको "फाटफुट रूख" भन्ने शब्दहरूपछि "वा बिरुवा" भन्ने शब्दहरू थपिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (च) मा रहेका "खोटो जस्ता" भन्ने शब्दहरूको सट्टा "खोटो, रेशम, मह, फलफूल र यस्तै" भन्ने शब्दहरू थपिएका छन् ।

४. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छः–

"५. कबुलियती वन लगाउन निवेदन दिनुपर्नेः कबुलियती वन लगाउन चाहने व्यक्ति वा संस्थाले कबुलियती वनसम्बन्धी योजना संलग्न गरी पाँच रूपैयाँ दस्तूर सहित अनुसूची–१ बमोजिमको ढाँचामा जिल्ला वन नियन्त्रकसमक्ष निवेदन दिनु पर्नेछ ।"

५. मूल नियमावलीको नियम ६ मा संशोधनः मूल नियमावलीको नियम ६ को,–

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) नेपालमा दर्ता नभएको संस्था,"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः–

"(ग) श्री ५ को सरकारलाई वन सम्बन्धमा हानी नोक्सानी हुने कुनै काम गरेको व्यक्ति वा संस्था ।"

६. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को,–

(१) उपनियम (२) मा रहेका "श्री ५ को सरकारसमक्ष" भन्ने शब्दहरूको सट्टा "महानिर्देशकसमक्ष" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः–

"(२क) उपनियम (२) बमोजिम प्राप्त हुन आएको सिफारिशउपर महानिर्देशकले कबुलियती वनसम्बन्धी योजनासमेतको अध्ययन गरी माग गरिएको कबुलियती वन निवेदकलाई सुम्पन मनासिब देखेमा सो कुराको सिफारिशसहित श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।"

(३) उपनियम (३) मा रहेका "उपनियम (२) बमोजिम क्षेत्रीय वन निर्देशकको" भन्ने शब्दहरूको सट्टा "उपनियम (२क) बमोजिम" भन्ने शब्दहरू राखिएका छन् ।

(४) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः–

"(४) उपनियम (३) बमोजिम आदेश प्राप्त भएपछि सम्बन्धित जिल्ला वन नियन्त्रकले कबुलियती वन छुट्याई सम्बन्धित व्यक्ति वा संस्थालाई सुम्पिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८

७. मूल नियमावलीमा नियम ७क. थपः मूल नियमावलीको नियम ७ पछि देहायको नियम ७क. थपिएको छः–

"७क. कबुलियती वन सुम्पनेसम्बन्धी विशेष व्यवस्थाः (१) श्री ५ को सरकारले कबुलियती वनसम्बन्धी आयोजना तयार पारी सो आयोजनाको आधारमा सोही आयोजनामा उल्लिखित वर्गका व्यक्तिहरूलाई कबुलियती वन सुम्पन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम श्री ५ को सरकारले सुम्पने कबुलियती वनको सम्बन्धमा नियम ५,७ र २२ को व्यवस्था लागू हुनेछैन ।"

८. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को उपनियम (१) मा रहेको "नियम ७ को उपनियम (४)" भन्ने शब्दहरूको सट्टा "यस नियमावली" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को,–

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) ऐन तथा यस नियमावलीबमोजिम कबुलियती वन सुम्पदा व्यक्तिहरूलाई बढीमा पचास वर्ष र संस्थालाई बढीमा उनान्सय वर्षसम्मको अवधिको लागि नियम ८ बमोजिम कबुलियत गराई सुम्पन सकिनेछ।"

(२) उपनियम (२) मा रहेको "यसरी पुनः कबुलियत गराई कबुलियती वन सुम्पदा नियम ७ को उपनियम (४) बमोजिमको दस्तूर लाग्नेछैन" भन्ने वाक्यांश झिकिएको छ ।

१०. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को,–

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः–

"(१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन पैदावारमा आधारित उद्योग संचालन गर्ने संस्थालाई कबुलियती वन सुम्पदा उद्योगको उत्पादन क्षमताको सम्भाव्यतालाई हेरी आवश्यकतानुसार सुम्पन सकिनेछ ।"

(२) उपनियम (२) मा रहेका "उपनियम (१)" भन्ने शब्दहरूको सट्टा "उपनियम (१) वा (१क)" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः–

"(३) कबुलियती वन सुम्पदा कुनै एक व्यक्तिलाई तराई क्षेत्र, काठमाडौं उपत्यका वा पहाडी क्षेत्रमध्ये कुन एक क्षेत्रमा मात्र कबुलियती



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

26

वन सुम्पन सकिनेछ। तर वन पैदावारमा आधारित उद्योग संचालन गर्ने संस्थालाई यो प्रतिवन्ध लागू हुनेछैन।"

११. मूल नियमावलीको नियम १२ मा संशोधनः मूल नियमावलीको नियम १२ को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "मुनासिव" भन्ने शब्दको सट्टा "बढीमा एक वर्षसम्म" भन्ने शब्दहरू राखिएका छन्।

१२. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को,–

(१) खण्ड (ग) मा रहेका "फलफूलको वा अरू" भन्ने शब्दहरू झिकिएका छन्।

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) नियम ८ बमोजिम गरेको कबुलियतको विपरीत काम गर्न।"

१३. मूल नियमावलीको नियम १६ मा संशोधनः मूल नियमावलीको नियम १६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) कबुलियती वन पाउने व्यक्ति वा संस्थाले स्वीकृत योजना अनुसार प्रत्येक वर्ष वार्षिक उत्पादनको शतप्रतिशत वन पैदावार आफ्नो वन क्षेत्रबाट निःशुल्क निकाल्न सक्नेछ।"

१४. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को सट्टा देहायको नियम १७ राखिएको छः–

"१७. कबुलियती वन सुम्पदा रूखहरू भएमा कबुलियती वन लिनेलाई जिम्मा दिनेः–

(१) कबुलियती वन सुम्पिदा सो वनमा फाटफूट रूखहरू भएमा त्यस्ता रूखहरू कबुलियती वन लिने व्यक्ति वा संस्थाले काट्न वा उपभोग गर्न नपाउने गरी रूखको जात, मोटाइ र संख्यासमेत खुलाई कबुलियतमा उल्लेख गरी कबुलियती वन लिनेकै जिम्मा दिई सम्बन्धित वन कार्यालयमा लगतसमेत राख्नु पर्नेछ।

(२) कबुलियती वन लिनेले उप-नियम (१) बमोजिम जिम्मा लिई पाँच वर्ष वा सोभन्दा बढी अवधिसम्म संरक्षण गरेको फाटफुट रूखहरू श्री ५ को सरकारले बिक्री गरेमा बिक्री भै आएको मूल्यको पचास प्रतिशत रकम कबुलियती वन लिनेलाई दिइनेछ।"

१५. मूल नियमावलीको नियम १८ मा संशोधनः मूल नियमावलीको नियम १८ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(१) कबुलियती वनको वार्षिक बहाल तराईमा प्रतिविगहा दश रूपैयाँ, काठमाडौं उपत्यकामा प्रतिरोपनी पाँच रूपैयाँ र पहाडमा प्रतिरोपनी एक रूपैयाँ लाग्नेछ ।"

१६. मूल नियमावलीको नियम १९ मा संशोधनः मूल नियमावलीको नियम १९ को उपनियम (२) मा रहेको "पैंतीस दिन" भन्ने शब्दहरूको सट्टा "छ महीना" भन्ने शब्दहरू राखिएका छन् ।

१७. मूल नियमावलीको नियम २२ मा संशोधनः मूल नियमावलीको नियम २२ को सट्टा देहायको नियम २२ राखिएको छः–

"२२. जाँचबुझ गर्नेः (१) जिल्ला वन नियन्त्रकले प्रत्येक वर्ष कबुलियती वन क्षेत्रमा ऐन तथा यस नियमावलीबमोजिम काम भए नभएको र सम्बन्धित व्यक्ति वा संस्थाले स्वीकृत योजना र कबुलियतबमोजिम काम गरे नगरेको आवश्यक जाँचबुझ गरी सोको प्रतिवेदन आर्थिक वर्षको तेस्रो महीनाभित्रमा सम्बन्धित क्षेत्रीय वन निर्देशकसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जिल्ला वन नियन्त्रकले जाँचबुझ गर्दा सो वन क्षेत्रमा ऐन तथा यस नियमावलीबमोजिम काम भएको नदेखेमा वा सम्बन्धित व्यक्ति वा संस्थाले स्वीकृत योजना वा कबुलियत बमोजिम काम गरेको नदेखेमा सम्बन्धित व्यक्ति वा संस्थासंग स्पष्टीकरण माग गरी सोसम्बन्धी आफ्नो रायसमेत उपनियम (१) बमोजिमको प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको प्रतिवेदन सम्बन्धित क्षेत्रीय वन निर्देशकले आफ्नो रायसहित महानिर्देशकसमक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रतिवेदन प्राप्त भएपछि महानिर्देशकले पनि आवश्यक जाँचबुझ गरी कबुलियती वनमा सन्तोषजनक काम भएको देखेमा सोहीबमोजिमको प्रतिवेदन र ऐन तथा यस नियमावलीबमोजिम काम नभएको वा सम्बन्धित व्यक्ति वा संस्थाले स्वीकृत योजना वा कबुलियतबमोजिम काम गरेको नदेखेमा कबुलियत रद्द गर्न सिफारिशसहितको प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्नु पर्नेछ ।"

१८. मूल नियमावलीको नियम २३ मा संशोधनः मूल नियमावलीको नियम २३ को,–

(१) उपनियम (१) मा रहेको "क्षेत्रीय वन निर्देशकबाट" भन्ने शब्दहरूको सट्टा "महानिर्देशकबाट" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "उत्पादन" भन्ने शब्दको सट्टा "उपभोग" भन्ने शब्द राखिएको छ ।

(३) उपनियम (२) मा रहेको "बिरुवा तथा रूखहरूमा" भन्ने शब्दहरूको सट्टा "वन पैदावारमा" भन्ने शब्दहरू राखिएका छन् ।

१९. मूल नियमावलीको अनुसूची–२ मा संशोधनः मूल नियमावलीको अनुसूची–२ को तपसील खण्ड ६,७ र ८ को सट्टा देहायको तपसील खण्ड ६, ७ र ८ राखिएका छन् ।

"६. कबुलियती वनमा स्वीकृत योजनामा उल्लेख भएकोबाहेक खोडिया फडानी गर्ने, अन्य कुनै खेती गर्ने, घर, छाप्रो बनाउने छैन र नियम १५ मा लेखिए देखिबाहेक कबुलियती वन धितोबन्धक वा विक्री गर्नेछैन ।

७. कबुलियती वनबाट वन पैदावार निकालेपछि त्यस ठाउँमा स्वीकृत योजना बमोजिम पुनः वन पैदावार लगाउनेछु ।

८. कबुलियती वनमा यो कबुलियत हुनुभन्दा अघिदेखि भएका देहायबमोजिमका फाटफुट रूखहरू जिम्मा लिएको छु । ती रूखहरू श्री ५ को सरकारको स्वीकृतिबेगर काट्ने कटाउने छैन र संरक्षण गरी राख्नेछुः–

| रूखको जात | मोटाइ | संख्या |
|---|---|---|
| ....... | ....... | ......." |

२०. खारेजीः मूल नियमावलीको नियम ३ र अनुसूची ४ खारेज गरिएको छ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी पश्चिम जर्मनीको फोलिडङ कम्पनीले नेपाल कुश्ती महासंघलाई उपहारस्वरूप प्रदान गरेको डी. एम्. १६,४५०।– मूल्य बराबरको १२ मि. × १२ मि. साईजको ओलम्पिया । के–वी. कुश्ती म्याट थान १ (एक) मा लाग्ने भन्सार महसूल पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल शुटिङ संघले पश्चिम जर्मनीबाट पैठारी गर्ने डी.एम्. १८९९।६० मूल्य बराबरको फैइनवैर्क-वउ मोड ९० राइट, रेफ.१८१० को एग्रर पिस्तोल थान २(दुई) र डी.एम्. २६११।६० मूल्य बराबरको फैइनवैर्कवउ मोड ६०१ राइट, रेफ. १७५८ को एग्रर राइफल्स थान २ (दुई) मा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उप-सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।